# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७२।१।६
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल चैत्र महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।१२।११ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री बिष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिती :**

श्री बिष्णुदत्त गौतम - प्रमुख/का.अ. सि.न.पा.

आमन्त्रीत

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ - ब.ई., सि.न.पा.
श्री विवेक कुमार खनाल - ब.अ., सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री - ब.अ., सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली - शाखा अधिकृत , सि.न.पा.
श्री श्रीराम गुप्ता - शा.अ. अध्यक्ष, कर्मचारी एशोसिएसन

**निर्णय नं. १ (एक)**

सिद्धार्थनगर नगरपालिका क्षेत्रभित्र विद्युतिय रिक्सा संचालन सम्बन्धमा लुम्बिनी अंचल यातायात व्यवस्था कार्यालयको च.नं. ७५४ मिति २०७१।११।१० को पत्रबाट लेखि आएको बिषयमा मिति २०७१।१२।१० गते आयोजना गरिएको राजनैतिक दलका प्रमुख तथा प्रतिनीधिहरुको बैठकबाट समेत सिफारिश भए अनुरुप देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) बिद्युतिय रिक्सा संचालनको रुट देहाय बमोजिम हुने गरी कायम गर्ने :-



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

१. बुद्धचोक देखि एयरपोर्ट हुदै न.पा. सिमाना सम्म ।
२. बर्मेलिटोल देखि मिलनचोक हुदै मेडिकल कलेज सम्म ।
३. बर्मेलिटोल देखि मिलनचोक हुदै पक्लिहवा सम्म ।
४. देवकोटाचोक देखि बैकरोड–गल्लामण्डि हुदै एयरपोर्ट न.पा. सिमाना सम्म ।
५. देवकोटा चोक देखि शान्तिनगर न.पा. सिमाना सम्म ।
६. आँखा अस्पताल देखि खजहना–मेडिकल कलेज हुदै पक्लिहवा सम्म ।
७. बेलहिया दशगजा हुदै पक्लिहवा सम्म ।
८. मेउडिहवा देखि पञ्चबाटिका हुदै वार्ड नं. ११ को सिसवा सम्म ।
९. बर्मेलिटोल देखि प्रभातपथ–भानुपथ हुदै गोलिगढ सम्म ।
१०. बर्मेलिटोल देखि उदयपुर–डाँडा गाँउ हुदै शान्तिनगर सम्म ।
११. बर्मेलिटोल देखि प्रभातपथ हुदै गोनहिया सम्म ।
१२. वार्ड नं. ६ को हनुमान मन्दिर देखि सिसवा सम्म ।
१३. वार्ड नं. ८ को हरिकृतन चोक देखि शिवमन्दिर हुदै बर्मेलिटोल सम्म ।
१४. दरखसवा देखि मेडिकल कलेज सम्म ।
१५. बसपार्क अगाडि देखि हाटबजार हुदै मिलनचोक–एयरपोर्ट सम्म ।
१६. बर्मेलिटोल देखि होटल निर्माणा हुदै आँखा अस्पताल सम्म ।

(ख) ट्राफिक व्यस्थापन शहरी सौन्दर्य र उपभोक्ता हित समेतलाई ध्यानमा राखी पछि संख्या पुनरावलोकन गर्ने गरी हाललाई विद्युतिय रिक्साको संख्या (हद) ५० (पचास) कायम गर्ने ।

(ग) बिद्युतिय रिक्सा सञ्चालन गर्न ईजाजत दिदा पुराना रिक्साहरुलाई विस्थापन गर्ने सन्दर्भमा रिक्सा व्यवसायीहरुको माग समेतलाई ध्यानमा राखी १(एक) थान बिद्युतिय रिक्सा दर्ता गर्दा १०(दश) थान पुराना रिक्सा विस्थापन गर्ने गरी रिक्सा व्यवसायी समितिको सिफारिशमा विद्युतिय रिक्सा दर्ता गर्ने व्यवस्था गर्न यातायात कार्यालयलाई अनुरोध गर्ने ।

(घ) बिद्युतिय रिक्साको भाडादर कायम गर्दा नगरपालिका संग समेत समन्वय गरी कायम गर्न यातायात व्यवस्था कार्यालयलाई अनुरोध गर्ने ।

## मिति २०७१।१२।२२ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

### निर्णय नं. १ (एक)

यस कार्यालयको वि.नं. ३।०६९।७० बमोजिम अमिन सहायक तर चौथौं, प्राविधिक पदको खुल्ला प्रतियोगिताद्धारा पदपुर्ति गरिएकोमा उक्त पदमा नियुक्त दोहनी-२, कपिलबस्तु निबासी श्री निराजन गडरियाले लोकसेवा आयोग उर्तिण गरेको कारण दर्शाई राजीनामा दिनु भएको र निजको राजीनामा मिति २०७१।१०।२० देखि लागु हुने गरी स्वीकृती समेत भई सकेको छ । हाल नगरपालिकामा अमिन १(एक) पद स्थायी पदपुर्ति भै कर्मचारी कार्यरत रहेको र नगरपालिकाको आन्तरिक आयको तुलनामा प्रशासनिक खर्च बढी भएकोले प्रशासनिक खर्च कटौती गर्न आवश्यक देखिएको साथै उक्त पद प्राविधिक पद भएकोले अत्याबश्यक भएमा सेवा करारमा लिन सकिने अवस्था समेत विद्यमान रहेकोले निज निराजन गडरियाले राजीनामा गरी रिक्त हुन



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

आएको अमिन पद १(एक) को दरबन्दी आगामी नगरपरिषदबाट अनुमोदन गराउने गरी खारेज गर्ने निर्णय गरियो ।

**मिति २०७१।१२।२७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

नगर विकास कोषको मिति २०७१।१२।३ प.स. २०७१।०७२ च.न. १०३९ को पत्रद्वारा आगामी आ.व. २०७२।७३ का लागि प्रति आयोजना रु ६०(साठी) लाख सम्मका बढिमा चारवटा आयोजनाहरु तथा आगामी तीन वर्षका लागि मझौला तथा ठूला प्रकारका बढिमा दुई वटा आयोजनाहरुको प्रस्ताव माग भई आएकोले तपसीलमा उल्लेख भए अनुसारका आयोजनाहरु छनौट गर्ने निर्णय गरियो ।

**क. ६० (साठी) लाख सम्मका आयोजनाहरु :**

१. हाटबजारमा सेड मर्मत सुधार ।
२. सिद्धार्थ बस टर्मिनल विस्तार ।
३. अद्वैतपथ (बसपार्क उत्तर)मा पसल कवल निर्माण ।
४. कैलाशपथ सडक पिच तथा नाला निर्माण वडा नं. ८ ।
५. लुम्बिनी सडक उत्तर ध्रुब अधिकारीको घर तर्फ जाने सडक पिच तथा नाला निर्माण ।

**ख. दुई वटा योजना (३ वर्षिय)**

१. न.पा. को अतिथि गृहमा प्रशासनिक तथा व्यापारीक भवन ।
२. हाल न.पा.को कार्यालय भवन रहेको स्थानमा व्यापारीक भवन निर्माण ।
३. वेलहिया जिपपार्कमा पाकिङ्ग सहितको व्यापारीक भवन निर्माण ।

**निर्णय नं. २(दुई)**

सिद्धार्थनगर नगरपालिका अन्तरगत वडा नं. ६ मा पूर्व प्राथमिक विद्यालय कक्षा संचालन गर्नका लागि ग्रिन फिल्ड किन्डर गार्डेन एण्ड नर्सरी स्कुलबाट निवेदन प्राप्त भएको हुँदा पूर्व प्राथमिक विद्यालय संचालन गर्न कार्यालयबाट मिति २०७१।१२।६ को निर्णयानुसार दिईएको सिफारिशलाई अनुमोदन गर्ने निर्णय गरियो ।



**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np